# प्रदेशको उत्पादन सम्भावना, निकासी अभिबृद्धि र अन्तर प्रादेशिक व्यापार विस्तार एवं प्रवर्द्धन गर्न प्रदेश नं. १ का माननीय मुख्यमन्त्रीसंगको बैठक एवं छलफल कार्यक्रम सम्पन्न :



प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यूको अध्यक्षतामा मिति: २०७५।०९।०८ गते आईतबार माननीय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बिराटनगरमा १ नं. प्रदेशमा उत्पादित वस्तु तथा सेवाहरु र लगानीका अवसरहरुको पहिचान, आयात प्रतिस्थापन गर्न सक्ने सम्भावित वस्तुहरुको निर्कौल साथै प्रदेशमा उत्पादित वस्तु तथा सेवाले निर्यात प्रवर्द्धन तथा अन्तर प्रादेशिक व्यापार अभिवृद्धिमा खेल्न सक्ने भुमिका सम्बन्धमा केन्द्रले चालु आ.ब. मा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्न लागेको अध्ययन, अनुसन्धान बारे विस्तृत रुपमा छलफल भयो ।

उक्त छलफल तथा अन्तरकृया कार्यक्रममा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका नायव कार्यकारी निर्देशक श्री सुयश खनालले केन्द्रको प्रमुख कार्यहरुको बारेमा जानकारी दिनुका साथै यसै सन्दर्भमा केन्द्रको चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार प्रदेश नं. १ मा उत्पादन हुने वस्तु तथा सेवाहरु एवं लगानीका अवसरहरुको विस्तृत रुपमा अध्ययन गरी अध्ययन प्रतिवेदन मार्फत अन्तर प्रादेशिक व्यापार विस्तार, निर्यात प्रवर्द्धन एवं आयात प्रतिस्थापन गर्न सकिने वस्तुहरुको पहिचान गर्ने र पहिचान भएका वस्तु तथा सेवाहरुको अन्तरप्रादेशिक एवं अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धनात्मक कार्यहरुको लागि दस्तावेज तयार हुने कुरा बताउनु भयो । साथै उक्त प्रदेशमा गर्न सकिने सम्भावित लगानीका अवसरहरु, व्यापार सम्बद्ध पूर्वाधारको विकास एवं नीतिगत व्यवस्थाका लागि उक्त प्रतिवेदन उपयोगी हुने कुरा

माननीय मुख्यमन्त्रीज्यू समक्ष राख्नु भयो । त्यसैगरी केन्द्रका वरिष्ठ अधिकृत श्री गोविन्द आचार्यले अध्ययन कार्यको सम्बन्धमा विस्तृत रुपमा जानकारीमूलक प्रस्तुती दिनु भएको थियो । उक्त प्रस्तुतीमा प्रतिवेदनबाट १ नं. प्रदेशमा उत्पादन हुने वस्तु तथा सेवाहरु एवं लगानीका बिवरणहरु समाविष्ट महत्वपूर्ण दस्तावेज प्रदेशले प्राप्त गर्ने, बैदेशिक तथा अन्तरप्रादेशिक व्यापार विस्तारमा सहजता हुने, उत्पादन एवं व्यापारको क्षेत्रमा नीतिगत व्यवस्थामा सुधार गर्न सहयोग पुग्ने, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा सहयोग पुग्ने, प्रदेशमा औद्योगिक विकासमा सहयोग पुग्ने कुराको माननीय मन्त्रीज्यूलाई जानकारी गराउनुका साथै अध्ययनमा प्रयोग हुने विधि र यसका चुनौति एवं प्रदेशले उपलव्ध गराउनु पर्ने सहयोग समेतको जानकारी गराउनु भएको थियो ।

उक्त अवसरमा माननीय मुख्यमन्त्रीज्यूले उक्त अध्ययन प्रतिवेदन यस प्रदेशको लागि निर्यात व्यापारको क्षेत्रमा महत्वपूर्ण दस्तावेज हुने, १ नं. प्रदेश कृषिजन्य उत्पादनमा अग्रणी स्थानमा रहेको र सो को अन्तर्राष्ट्रिय बजारको रुपमा भारत, बंगलादेश, भुटान तथा चीन नजिकै रहेकोले उक्त देशहरुमा बजार विस्तारका लागि आवश्यक पहल गर्न सुझाव दिनुका साथै यस अध्ययनका लागि आवश्यक पर्ने सहयोग, सहजिकरण एवं समन्वय प्रदेश सरकारबाट उपलव्ध हुने विचार व्यक्त गर्नुभयो ।

सो अवसरमा केन्द्रका बिराटनगरस्थित कार्यालयका कार्यालय प्रमुख श्री कृष्ण प्रसाद रेग्मीले कार्यालयबाट निर्यात व्यापारको क्षेत्रमा भैरहेका सेवाहरु बारे जानकारी गराउनु भएको थियो ।